## कार्यपालिका बैठक -१४

मिति:- २०७७।१२।०४

आज मिति २०७७।१२।०४ गते बुधबारका दिन विजयनगर गाउँपालिका अध्यक्ष श्री गोपाल बहादुर थापा मगर ज्यूको अध्यक्षतामा विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको १४ (चौधौं) बैठक निम्न सहभागिहरुको उपस्थितिमा बसी विभिन्न प्रस्ताव उपर छलफल गरी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

### उपस्थिति:-

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गोपाल बहादुर थापा मगर | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी चौधरी | सदस्य | |
| ३ | श्री इन्नर थारु | सदस्य | |
| ४ | श्री नेपाल थारु | सदस्य | |
| ५ | श्री बुद्धीराम अर्याल | सदस्य | |
| ६ | श्री तिलकराम कंडेल | सदस्य | |
| ७ | श्री अनवर मोहम्मद मुसलमान | सदस्य | |
| ८ | श्री प्रेम बहादुर कलवार | सदस्य | |
| ९ | श्री दिनेश कुमार चौधरी | सदस्य | |
| १० | श्री शकुन्तला भण्डारी | सदस्य | |
| ११ | श्री दमन्ती सरा राना कुमाल | सदस्य | |
| १२ | श्री सिमा वि.क. | सदस्य | |
| १३ | श्री नितु दर्जी | सदस्य | |
| १४ | श्री धनबीर सुनार | सदस्य | |
| १५ | श्री मो.मुर्तजा बढई | सदस्य | |
| १६ | श्री गोविन्द भट्टराई | सदस्य सचिव | |

### आमन्त्रित सदस्य:-

| | | | |
|---|---|---|---|
| १ | श्री बासुदेव जमरकट्टेल | अधिकृतस्तर छैठौं | |
| २ | श्री बोधराज भुसाल | सहायक पाँचौ | |
| ३ | श्री राजु प्रसाद पन्थ | का. सहयोगी | |
| ४. | रामकुन्दन माली | कृषि विकास अधिकृत | |

आ.व.२०७७।०७८

# कार्यपालिका बैठक -१४

मिति:- २०७७।१२।०४

## प्रस्तावहरु:-

प्रस्ताव नं. १- जग्गा खोजी तथा सिफारिस सम्वन्धमा ।

प्रस्ताव नं. २- कार्यालय सार्ने सम्वन्धमा ।

प्रस्ताव नं. ३ - वडा कार्यालय भवन निर्माण सम्वन्धमा ।

प्रस्ताव नं. ४- गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ सम्वन्धमा ।

प्रस्ताव नं. ५ - सिफारिस सम्वन्धमा ।

प्रस्ताव नं. ६ - दस्तुर तथा शुल्क सम्वन्धमा ।

प्रस्ताव नं. ७- जस्ता पाता वितरण सम्वन्धमा ।

प्रस्ताव नं. ८- शौचालय सीट वितरण सम्वन्धमा ।

प्रस्ताव नं. ९- आर्थिक सहायता सम्वन्धमा ।

## निर्णयहरु:-

**निर्णय नं. १-** प्रस्ताव नं. १ सम्वन्धमा यस विजयनगर गाउँपालिका वडा नं. १, असनारा क्षेत्रमा थप सशस्त्र प्रहरी बल नेपाल वोर्डर आउट पोष्ट (BOP) स्थापनाका लागि आवश्यक पर्ने जग्गा खोजी गरि जग्गा प्राप्तिका लागि सम्वन्धित निकायमा सिफारिस गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**निर्णय नं. २ -** प्रस्ताव.नं. २ सम्वन्धमा विजयनगर गाउँपालिका वडा नं. ७, गणेशपुरमा स्थापना कालदेखि भाडाको घरमा कार्यालय संचालन गर्दै आएको गणेशपुर आयुर्वेद औषधालय, ऐ. छो. अमौलीमा सहरी विकास तथा भवन निर्माण विभागबाट निर्मित आफ्नै भवनमा सार्ने र कार्यालय उद्घाटनका लागि सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेशमा अनुरोध गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**निर्णय नं. ३-** प्रस्ताव नं. ३ सम्वन्धमा यस गाउँपालिकाको ७ नं. वडा कार्यालय भवन निर्माण क्षेत्रमा रहेको जिर्ण अवस्थाको कृषि भवन भत्काउने तथा निर्माण परिसरमा रहेका सिमल रुख थान २ (दुई) र आँपको रुख थान १ (एक) कटान गरी वडा कार्यालय भवन निर्माण कार्य अगाडि बढाउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**निर्णय नं. ४-** प्रस्ताव नं. ४ सम्वन्धमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनको रुपमा प्राप्त गाउँपालिका/नगरपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७७ सम्वन्धमा प्रदेश कानूनमा भएको व्यवस्थाका हकमा सोहि बमोजिम हुनेगरी अन्य व्यवस्था प्राप्त निर्देशिकामा व्यवस्था भए बमोजिम गर्ने गरि स्वीकृत गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**निर्णय नं. ५-** प्रस्ताव नं. ५ सम्वन्धमा हुलाकी सडक क्षेत्रका देहायका स्थानमा थप कार्यका लागि सम्वन्धित निकायमा सिफारिस गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**देहाय:-**

१. गुगौली गाउँमा नाली निर्माणका लागि ।

२. गाउँपालिका कार्यालय क्षेत्र, पिपरीमा नाली निर्माणका लागि ।

३. खजनीडिहवा पोखरी वाल निर्माणका लागि ।

४. पिपरी समइमाई मन्दिरलाइ जोगाइ आश्यक परेमा ५ नं. वडा कार्यालय भवन भत्काइ बाटो विस्तारका लागि ।

## कार्यपालिका बैठक -१४

मितिः- २०७७।१२।०४

**निर्णय नं. ६-** प्रस्ताव नं. ६ सम्वन्धमा **राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली,** २०७७ को अनुसूची-३ मा व्यवस्था भए बमोजिमको व्यक्तिगत घटना दर्ता दस्तुर तथा शुल्क दुरुस्त लागू गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**निर्णय नं. ७-** प्रस्ताव नं. ७ सम्वन्धमा हुलाकी सडकको विस्तारका क्रममा घर टहरा भत्काइएका/भत्काउनुपर्ने अवस्थाका वडा नं. १, २, ५, ६ र ७ अन्तर्गतका घर परिवार जसको सो बाहेक अन्यत्र घर टहरा नभएको तथा आर्थिक विपन्नताका कारण राहत स्वरुप जस्तापाता उपलब्ध गराउन मनासिव ठानि सम्वन्धित वडा कार्यायले गरेको सिफारिसका आधारमा प्रति परिवार २ वण्डलका दरले जस्तापाता उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**निर्णय नं. ९-** प्रस्ताव नं. ९ सम्वन्धमा यस गाउँपालिका वडा नं. २ अन्तर्गकतका ३० विपन्न घरपरिवारलाई वडा कार्यालयको सिफारिसका आधारमा मागमा आधारित पूर्वाधार कार्यक्रमबाट प्रति परिवार १ वटाका दरले शौचालय सीट उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**निर्णय नं. ९-** प्रस्ताव नं. ९ सम्वन्धमा निम्न संस्था/समिति/योजनाहरुका लागि आर्थिक सहायता बापत तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**तपसिलः-**

| क्र.सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | हजरत बाबा करम अली शाह रह. मजार पाक तामीरी तथा उर्स समिति | कृष्णनगर-१०, बसवरिया | जलसा , कव्वाली र भण्डारा कार्यक्रम | रु. २५,०००।- ( पच्चिस हजार मात्र) | डेलिकेशन, मेला महोत्सव चाड पर्व शिर्षक | |
| २ | Anjuman Irteqa-e-Urdu Adab Nepal | कृष्णनगर-२, झण्डा | मुसायरा तथा कवि सम्मेलन कार्यक्रम सञ्चालनको लागि | रु. ४०,०००।- ( चालिस हजार मात्र) | डेलिकेशन, मेला महोत्सव चाड पर्व शिर्षक | |
| ३ | गुगौली स्वास्थ्य चौकी | विजयनगर-२, गुगौली | स्वास्थ्य चौकीमा विद्युत जडानका लागि | लागत अनुमान बमोजिम | मागमा आधारित साना पूर्वाधार कार्यक्रम | |
| ४ | ४ नं. वडा कार्यालय | विजयनगर-४, देउपुरा | राष्ट्रपती कप तथा अध्यक्ष कप खेलकुद प्रतियोगिता तयारी | रु. १९,७१०।- (उन्नाइस हजार सात सय दश मात्र) | खेलकुद सहयोग कार्यक्रम | |
| ५ | लालबावु मुसलमान | विजयनगर-३, जगदिशपुर | औषधोपचार | रु. ११,०००।- (एघार हजार मात्र) | विपन्न नागरिक उपचार उद्धार तथा सहयोग कार्यक्रम | |
| ६ | श्री शिव माध्यमिक विद्यालय डालपुर | विजयगनर-५, डालपुर | राष्ट्रपती कप तथा अध्यक्ष कप खेलकुद प्रतियोगिता तयारी | रु. १९,९६०।- (उन्नाइस हजार नौ सय साठी मात्र) | खेलकुद सहयोग कार्यक्रम | |